Reg. 20/1205/057/085

*Media for Human Rights and Democracy*

मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

Institute of Human Rights Communication Nepal

(IHRICON)

श्रृंखला- ६

**सञ्चार अनुगमन**

**मासिक प्रतिवेदन- साउन २०७१**

## साउनमा ९ महिलाको हत्या, १३ बालिका यौनहिंसाको शिकार

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को साउन महिनामा मुलुकभर महिला हिंसाका २८ घटना भएको छ भने त्यसै गरी बालबालिका सम्बन्धी २४ घटना भएको पाइएको छ ।

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र काठमाडौं पोष्टका अनुसार यस महिनामा ९ महिलाको हत्या भएको छ भने ५ जना बलात्कारको शिकार बनेका छन् । यसैगरी कुटपिटमा ४, बोक्सीको आरोपमा ३, यौन दुर्व्यवहार र घर निकालाको संख्या २-२ रहेको छ । एक-एक जना बहुविवाह, दाइजो र सामूहिक बलात्कारको शिकार भएका छन् ।




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना २४ वटा पहिचान गरेका छन् जसमा २ को हत्यासमेत भएको छ । बलात्कारको शिकारमा परेका १३ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । यसैगरी यौन दूर्व्यवहारबाट ५ बालिका पीडित भएका छन् । २ बालिका सामूहिक बलात्कारको शिकार भएका छन् । १ बालक यौन शोषणमा परेका छन् भने १ बालिका श्रमशोषणमा परेको घटना सार्वजनिक भएको छ ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार साउन महिनामा महिला, पुरुष र बालबालिका गरी २६ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा १० पुरुष, ८ महिला र ८ बालबालिका प्रभावित भएका सञ्चार अनुगमनका क्रममा पाइएको छ ।। प्रभावित हुने पुरुषमा ३ को मृत्यु भएको छ भने ७ घाइते छन् । त्यसैगरी ४ महिलाको मृत्यु भएको छ भने त्यत्तिनै संख्यामा घाइते भएको पाइएको छ । त्यसैगरी ३ बालबालिकाको मृत्यु भएको छ भने ५ बालबालिका घाइते भएका छन् ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ५, मध्यमाञ्चल २१, पश्चिमाञ्चल ५, मध्य-पश्चिमाञ्चल ४ र सुदूर पश्चिमाञ्चल ६ रहेको देखिन्छ ।

**बलबालिका तथा महिला हिंसा क्षेत्रगत आधारमा : साउन २०७१**




यस पटक इह्रिकनले गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो । मासिक रुपमा नियमित प्रकाशित गरिने सञ्चार अनुगमनमा चार राष्ट्रिय दैनिकलाई आधार लिएको पनि जानकारी गराइन्छ ।

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।